# देवचुली नगरपालिकाको १८औं नगरसभामा

# नगरप्रमुख श्री हरिप्रसाद न्यौपानेद्वारा प्रस्तुत आ.व. २०८३/०८४ को

# नीति तथा कार्यक्रम

देवचुली नगरपालिका
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

विक्रम सम्वत् २०८३ साल, असार ५ गते, शुक्रबार।

Scanned with OKEN Scanner

**नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरसभा सदस्यज्यूहरु,**

**देवचुली नगरपालिकाको १८औं नगरसभामा हार्दिक स्वागत गर्न चाहान्छु ।**

देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ। यस अवसरमा नेपालको राष्ट्रिय अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु। देवचुलीको समृद्धिमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

देवचुली नगरपालिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीचमा समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्तलाई आत्मसात गर्दै संविधानको कार्यान्वयन, सङ्घीयता, सवलिकरण, आर्थिक सामाजिक रुपान्तरण सहित समतामूलक समाज निर्माण तथा दिगो विकासका लक्ष्य प्राप्तीमा प्रतिवद्ध छ।

नेपालको संविधानले व्यवस्था गरेबमोजिम स्थानीय तहको दोस्रो निर्वाचन पश्चात् हामी जनप्रतिनिधिहरुले कार्य जिम्मेवारी बहन गरेको चार वर्ष व्यतित भएको छ। सो अवधिमा नगरबासीको आशा र भरोसा जगाउँदै सुख, समृद्धि र सुशासनका लागि प्रतिवद्ध रही आफ्ना नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको विदितै छ।

**नगरसभा सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्य प्रचलित कानून, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, नीति, आवधिक योजना र दिगो

Scanned with OKEN Scanner

विकासका लक्ष्यहरु तथा यस नगरपालिकाको नगरसभा र नगरकार्यपालिकाले स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड र नीतिगत निर्णयहरु तथा देवचुली नगरपालिकाको विकासको मौजुदा अवस्था, स्रोत साधन र जनभावनालाई आत्मसात गरेर विभिन्न क्षेत्रबाट राय सुझाव समेत प्राप्त गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

उपलब्ध सिमित स्रोत र साधनको विवेकपूर्ण तथा उच्चतम परिचालन गर्दै नगरको पूर्वाधार विकास, आर्थिक विकासका पक्षहरुको पहिचान, स्थानीय पर्यटनको विकास, कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा विशेष जोड दिँदै समग्र नगरको सन्तुलित विकासमा प्राथमिकता दिइएको छ। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहनेमा विश्वास लिएको छु।

नगर सभाका सदस्यज्यूहरु, अब म नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम पेश गर्दछु ।

१. गत वर्षदेखि नै नीतिगत निर्णय भई विभिन्न तहमा सरोकारवाला एवम् राजनीतिक दलहरुसँगको छलफल समेतका आधारमा वडा एकीकरणको प्रक्रियामा सहमती भएकोले नगरसभाबाट निर्णय गरी वडा मर्जका लागि गण्डकी प्रदेश सरकार मार्फत् नेपाल सरकारमा पेश गरिनेछ।

Scanned with OKEN Scanner

२. नगरपालिकाको आय वृद्धि एवम् एकीकृत सेवा प्रवाह सहित व्यवस्थित हाट बजार सञ्चालनका लागि नगर कोष तथा अन्य विकास साझेदार संस्थासँगको ऋण तथा अनुदानका माध्यमबाट वहुउद्देश्यीय नगर सेवा भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

३. देवचुली डाँडा, घुमाउरी पिकनिक पार्क, दिव्य पिस पार्क, नारायणी नदी तटीय क्षेत्र, मध्यवर्ती क्षेत्रको, शनिश्चरे ताल लगायतका सिमसार पोखरी समेतको जैविक विविधता संरक्षण र सम्वर्द्धन साथै अन्य ऐतिहासिक, धार्मिक धरोहरहरुको पहिचान एवम् जगेर्ना गर्दै देवचुलीलाइ पर्या-पर्यटनको केन्द्रको रुपमा विकास गर्ने नीति लिइनेछ।

४. देवचुली-वरचुली डाँडा र नारायणी नदी क्षेत्रको पर्यटकीय गतिविधिको बिस्तारका लागि पदमार्गका साथै साईकल ट्र्याक निर्माण कार्यलाई अगाडी बढाउने नीति लिइनेछ।

५. देवचुलीको पहिचानका लागि स्थानीय खानपान, रहनसहन र संस्कृतिको प्रचार प्रसार एवम् प्रवर्द्धन गर्न वार्षिक रुपमा **"देवचुली पर्यटन महोत्सवको"** आयोजना गरिनेछ।

६. मुख्यमन्त्री नव प्रवर्तन साझेदारी परियोजना अन्तर्गत वडा नं. १, ६, १० र १७ मा सञ्चालन भएको **"कृषक पाठशाला"** मार्फत् विषादीरहित कृषि

Scanned with OKEN Scanner

उत्पादन, कृषि यान्त्रीकरण र होमस्टे सुदृढीकरणलाई जोड्दै कृषि पर्यटनको प्रवर्द्धन गरिनेछ।

७. हाम्रा होमस्टेहरूलाई विशिष्ट अतिथि सत्कार तथा रैथाने एवम् प्राङ्गारिक उत्पादन र स्थानीय हस्तकलाको मुख्य खपत केन्द्रको रूपमा विकास गर्दै लगिनेछ ।

८. कृषि उपज उत्पादनलाई सहज बजार पहुँचका लागि कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ।

९. आगलागीजन्य विपद्का घटनाको क्षति न्यूनिकरण र यस सँग सम्बन्धित प्रतिकार्यका लागि गैंडाकोट नगरपालिकासँगको साझेदारीमा दमकल सेवा सञ्चालन तथा व्यवस्थापन  गरिनेछ।

१०. **"छोड्दिन टेवल, दिन्छु सेवा"** लाई आत्मसात् गर्दै, सुशासन र सेवा प्रवाहलाई समयानुकूल सरल, सहज र व्यवस्थित हुने गरी नागरिक सहायता कक्षलाई एकल विन्दु सेवा केन्द्रका रुपमा विकास गरी सेवा सुचारु गरिनेछ।

११. सेवाग्राही मैत्री सेवा प्रवाहका लागि **"समय मेरो सेवा तपाँइको"** कार्यक्रम सञ्चालन गरिनेछ।

१२. **"एक परिवार, एक उद्यम"** अभियान अन्तर्गत स्टार्ट अप कोष स्थापना गरी स्थानीय तहमा हुने आधारभूत प्राविधिक कामका लागि जनशक्ती उत्पादन एवम् स्वरोजगारका लागि प्रविधिमा आधारित सिपमूलक कार्यक्रम सञ्चालनको नीति लिइनेछ।

Scanned with OKEN Scanner

१३.नगर भित्र दिगो रोजगारी र आर्थिक समृद्धि हासिल गर्नका लागि “सिक्दै कमाउँदै देवचुलीमै” रमाउँदै (Earn and Learn) कार्यक्रम सञ्चालन गरिनेछ।

१४.विकासमा नागरिक सहभागीता र अपनत्वका लागि सडक पूर्वाधारमा जनता साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

१५.देवचुली उद्योग वाणिज्य संघ सगँको समन्वयमा साना तथा मझौला व्यवसायीको सुरक्षाका लागि दुर्घटना बीमा कार्यक्रम ल्याइनेछ ।

१६.साना उद्योगको क्षमता बढाउन, आधुनिक प्रविधि हस्तान्तरण गर्न र रैथाने उत्पादनको बजारीकरणका लागि औद्योगिक प्रतिष्ठानहरूसँग सहकार्य एवम् साझेदारी गरिनेछ ।

१७.स्थानीय तह र निजी क्षेत्रको समन्वय एवम् सहकार्यका माध्यमबाट नीति निर्माण तथा योजना तर्जुमालाई वास्तविक र तथ्यपरक बनाउनका लागि देवचुली नगरभित्र सञ्चालित सम्पूर्ण उद्योग, व्यापार र उद्यमीहरूको वर्गीकरण सहितको प्रोफाइल तयार गरिनेछ ।

१८.न्यून आय भएका नागरिक, महिला, कृषक र युवाहरूका लागि बचत गर्ने बानी र डिजिटल बैंकिङ सम्बन्धी समुदायस्तरमै वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

Scanned with OKEN Scanner

१९.जिल्ला भूमि समस्या समाधान आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन सम्बन्धी कार्यलाई निरन्तरता दिइनेछ ।

२०.कृषि उत्पादन वृद्धिका लागी सिंचाई पूर्वाधारको निर्माण तथा मर्मत सम्भारलाई प्राथमिकतामा राख्दै कृषि अनुदानलाई पारदर्शी बनाउन वास्तविक खेती गरिएको क्षेत्रफलका आधारमा कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

२१.खेतीयोग्य बाँझो जमिनको लगत संकलन गरी व्यावसायिक खेती गर्ने कृषक, कृषक समूह वा सहकारीलाई प्रोत्साहन सहित भूमि-बैंक नीति कार्यान्वयन गरिनेछ।

२२.देवचुलीका रैथाने बाली तथा बीउको संरक्षण गर्दै परम्परागत स्थानीय विशिष्ट उत्पादन र जैविक प्रविधिलाई जोड दिइनेछ।

२३."किसान कार्ड" मार्फत डिजिटल सूचीकरण अनिवार्य गर्दै प्राकृतिक जोखिम न्यूनीकरणका लागि कृषि बीमा अभियान सञ्चालन गरिनेछ।

२४.वैदेशिक रोजगारीबाट फर्केका र शिक्षित युवालाई कृषिमा आकर्षित गर्न सहुलियतपूर्ण कृषि कर्जा तथा ब्याज अनुदान कार्यक्रममा सहजीकरण गरिनेछ।

२५.सिंचित क्षेत्रमा चैते धान प्रवर्द्धन र उन्नत तथा हाइब्रिड बीउमा अनुदान उपलब्ध गराई खाद्यान्नको उत्पादकत्व वृद्धि गरिनेछ।

Scanned with OKEN Scanner

२६.रासायनिक मलमाथिको निर्भरतालाई क्रमशः न्यूनीकरण गर्दै हरियो मल, गड्यौला मल र जैविक प्रविधिको उच्चतम प्रयोग मार्फत माटोको स्वास्थ्य सुधार गरी दिगो तथा प्राङ्गारिक कृषि प्रणालीको विकास गरिनेछ।

२७.पशु आहारामा कृषकको लागत घटाउन र हरियो घाँसको उपलब्धता बढाउन कृषकहरूलाई ५०% अनुदानमा हिउँदे तथा वर्षे घाँस बिउ वितरणका साथै साइलेज बनाउने कृषकहरूलाई प्रोत्साहन स्वरूप प्रति केजी रू. २ का दरले उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ।

२८.नगरपालिकालाई दुध र मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन र व्यावसायिक फर्महरूको क्षमता विकासका लागि मागका आधारमा ५०% सहकार्यमा पशुपालनका लागि आवश्यक आधुनिक प्रविधि, यन्त्र र सामग्री वितरण कार्यलाई निरन्तरता दिइनेछ।

२९.साना तथा सीमान्तकृत कृषकहरूको आयआर्जन वृद्धि गर्न व्यावसायिक बाख्रा, पाडा, बंगुर, हाँस, कुखुरा, माछा पालन पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३०.दुधालु पशुहरूमा देखिने थुनेलो रोगको समयमै पहिचान र उपचारका लागि थुनेलो परीक्षण तथा उपचार शिविर सञ्चालन गर्दै उत्पादन र उत्पादकत्व बढाउन गाईभैंसीमा बाँझोपन निवारणका लागि घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।

Scanned with OKEN Scanner

३१. रेबिज सम्बन्धी जनचेतना र खोप कार्यक्रम तथा सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रम कार्यान्वयन गरिनेछ।

३२. अलपत्र परेका र छाडा छोडिएका सामुदायिक चौपायाहरूको उचित आहारा, दाना तथा संरक्षणको व्यवस्था मिलाइनेछ।

३३. कृषकहरूलाई गोठमै प्राविधिक सेवा उपलब्ध गराई परम्परागत ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्न "गोठ गोठमा पशु सेवा प्राविधिक कार्यक्रम" लाई थप प्रभावकारी बनाइनेछ।

३४.दिगो विकास लक्ष्य प्राप्ती एवम् नेपाल सरकारको खानेपानी तथा सरसफाइ र स्वच्छता नीति बमोजिम देवचुली नगरपालिकाको वास योजना तयार गरी कार्यान्वयनमा लगिनेछ।

३५.खानेपानी आयोजना व्यवस्थापन र सञ्चालनलाई सहज बनाउन साना खानेपानी आयोजनाहरुलाई एकीकरण गर्ने नीति कार्यान्वयनका लागि पहल गरिनेछ।

३६.“एक घर एक धारा” नीतिलाई प्राथमिकतामा राखी खानेपानीको सेवा उपलब्ध नभएका घर तथा बस्तीमा खानेपानी उपभोक्ता संस्था सँगको साझेदारीमा शतप्रतिशत पहुँच भएका बस्ती, टोल र वडालाई एक घर एक धारा युक्त बस्ती, टोल, वडा घोषणाको सुरुवात गरिनेछ।

Scanned with OKEN Scanner

३७.वर्षात्को पानी संकलन गरी सतही पानी पुनर्भरणका लागि सम्भव भएका बस्ती, टोलमा घरायसी तहमा नमूनाको रुपमा वर्षाको पानी संकलन पिट निर्माण कार्यको सुरुवात गरिनेछ।

३८.नगरपालिकाको केन्द्रदेखि सबैभन्दा टाढाको दुरीमा रहेका बस्ती अन्तर्गत बाह्रकोल र बेलस्वाँराका विद्यालयमा सुरक्षित खानेपानीका लागि फिल्टर सहितको खानेपानीको व्यवस्था गरिनेछ।

३९.अल्पकालिन फोहरमैला व्यवस्थापन केन्द्रलाई थप व्यवस्थित बनाई दिगो रुपमा फोहरमैला व्यवस्थापन गर्नका लागि फोहरमैला उत्सर्जनको मात्र विश्लेषण तथा आम्दानीयोग्य फोहरको सम्भाव्यता अध्ययन गरी आवश्यक जग्गा, विधि र स्रोतको व्यवस्थापन सम्बन्धी एकीकृत प्रतिवेदन तयार गरिनेछ।

४०.नगरपालिकाभित्रका सिमसार तथा जलाधार क्षेत्रको सूची तयार गरी नगरपालिकाभित्र जैविक विविधता एवम् वातावरण संरक्षणका क्षेत्रमा काम गर्ने साझेदार संघ/संस्थासँग संयुक्त रुपमा संरक्षण एवम् व्यवस्थापन गरिनेछ।

४१.जमिन मुनि रहेको पानीको सतह घट्न नदिन, सतही सिंचाई प्रणालीका कुलो/नहरका लागि थप पानीको वैकल्पिक स्रोतका लागि प्राकृतिक पुनर्भरण पोखरीको निर्माणको सम्भाव्यता अध्ययन गरी कम्तीमा तीन वटा पोखरी निर्माण गरिनेछ।

Scanned with OKEN Scanner

४२.निजी जग्गा व्यवस्थापन गरी कृषियोग्य बनाउने प्रयोजनका लागि व्यवस्थित र सरल प्रक्रिया अवलम्बन गरी वातावरण संरक्षण ऐन, २०७६ र ऐ. नियमावली, २०७७ बमोजिम व्यावसायिक प्रयोजनका लागि "प्राविधिक प्रतिवेदन" र "प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन" लाई महत्वका साथ निरन्तर कार्यान्वयनमा लगिनेछ।

४३.स्थानीय अनुकूलन कार्ययोजना, जलवायु अनुकूलन योजना, स्थानीय विपद् कोष सञ्चालन कार्यविधि लगायत आवश्यक कार्यविधि निर्माण/संशोधन एवम् कार्ययोजना तर्जुमा गरिनेछ।

४४.विपद राहत उद्दार सामग्रीको आवश्यक व्यवस्था गरी आपतकालिन सञ्चालन केन्द्रलाई थप व्यवस्थित गर्नुका साथै विपद व्यवस्थापनका लागि सरोकारवाला संघ संस्थासँग सहकार्य गर्ने नीति लिइनेछ।

४५.स्थानीय श्रम बजारको माग तथा आवश्यकता अनुसार युवा, महिला, वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक र बेरोजगार व्यक्तिहरूलाई लक्षित गरी शिक्षा, कृषि र रोजगारीबीचको अन्तरसम्बन्धलाई सुदृढ गर्दै स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार सीप विकास, उद्यमशीलता विकासमा जोड दिइनेछ।

४६.औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको अधिकार संरक्षण गर्न डिजिटल श्रम डेस्कलाई प्रभावकारी बनाउँदै श्रमिकहरूको अधिकार

Scanned with OKEN Scanner

संरक्षण, सुरक्षित तथा मर्यादित श्रमको प्रवर्द्धन र सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन पहल गरिनेछ।

४७. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउदै बैदेशिक रोजगार सम्बन्धी सूचना, पूर्व अभिमुखीकरण, वित्तीय साक्षरता, श्रम स्विकृती तथा पुनः श्रम स्विकृतीको काम रोजगार सेवा केन्द्रबाट प्रदान गरिनेछ।

४८. नगर जनस्वास्थ्य कार्यक्रम अन्तर्गत "स्वस्थ देवचुली" अभियान निरन्तर सञ्चालन गरिनेछ।

४९. देवचुली नगर अस्पताल दुम्कौलीबाट प्रदान गर्दै आएको गुणस्तरीय स्वास्थ्य सेवा, चिकित्सक सहितको २४ घन्टे आकस्मिक सेवा तथा हप्ताको ६ दिन दिइदैं आएको विशेषज्ञ सेवा लगायत दैनिक भिडियो एक्सरे सेवा, शब परीक्षण सेवा, आँखा उपचार सेवा, डेन्टल सर्जन द्वारा दैनिक दाँत उपचार सेवा, फिजियो थेरापी सेवा सञ्चालनलाई थप स्तरीकृत गर्दै निरन्तरता दिइनेछ।

५०. आगामी आर्थिक वर्षमा देवचुली नगर अस्पतालबाट शल्य चिकित्सा सेवा (माइनर र मेजर अपरेशन) सञ्चालनको लागि आवश्यक बजेट र जनशक्तिको व्यवस्थापन गरिनेछ।

५१. कुपोषित बालबालिकाहरुको सघन उपचारलाई थप प्रभावकारी बनाई ५ वर्ष मुनिका बालबालिकालाई पोषण प्रवर्द्धन कार्यक्रम मार्फत् कुपोषण मुक्त नगरपालिका बनाउने नीति लिइनेछ।

Scanned with OKEN Scanner

५२.महिलाहरुको स्तन तथा पाठेघरको क्यान्सरको स्क्रिनिंग (VIA) जाँच तथा पाठेघर खस्ने रोगको स्त्रीरोग विशेषज्ञ सहित शिबिर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइने छ।

५३.स्वास्थ्य संस्थाहरुबाट प्रबाह हुने सेवालाई छिटो छरितो गुणस्तरीय बनाउन आवश्यक भौतिक पूर्वाधार, नेपाल सरकारबाट वितरण हुने निःशुल्क औषधिको प्रयाप्त व्यवस्था र स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड (MSS) लाई थप प्रभावकारी बनाइनेछ।

५४.सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको उच्च मुल्याङ्कन गर्दै सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकालाई प्रदान गरिदैं आएको प्रोत्साहन भत्ता लगायत अन्य सुविधाहरुको निरन्तरताका साथै अवकाश प्राप्त सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकालाई नगद रकम सहित सम्मानजनक बिदाई गरिनेछ।

५५.देवचुली नगर अस्पतालबाट प्रदान हुँदै आएको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिंदै, विपन्न परिवारलाई कार्यविधि अनुसार निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ।

५६.डेंगु, मलेरिया, जापानिज इन्सेफ्लाइटिस, कालाजार, स्क्रब टाइफस, क्षयरोग, कुष्ठरोग तथा नसर्ने रोगहरु नियन्त्रणको लागि नियमित स्क्रिनिंग, अभिमुखीकरण, अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।

Scanned with OKEN Scanner

५७.नेपाल सरकारको उच्च प्राथमिकता घरमा सुन्य सुत्केरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५८.देवचुली नगरपालिकाको बर्थिङ्ग सेन्टरहरुमा भर्ना भै जटिलताका कारण रेफर गर्नुपर्ने नगर भित्रको दुर्गम बस्तीका गर्भवतीहरु र बर्थिङ्ग सेन्टरमा आएर सुत्केरी सेवा लिएका दुर्गम बस्तीका सुत्केरीलाई प्रोत्साहन स्वरूप नगरबाट यातायात खर्च प्रति सुत्केरी रु १५०० सम्बन्धित बर्थिङ्ग सेन्टरबाट उपलब्ध गराईनेछ।

५९.देवचुली नगरपालिकालाई क्षयरोग मुक्त नगरपालिका बनाउन क्षयरोग मुक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६०.नगर भित्रका सबै स्वास्थ्य संस्थाहरुमा EHMIS तथा ELMIS कार्यक्रमको निरन्तरता साथै अनलाईन स्वास्थ्य सूचना प्रणालीलाई सुदृढिकरण गरिनेछ।

६१.नगर भित्रका ४० बर्ष माथिका नागरिकहरुलाई उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मृगौला सम्बन्धी रोगको स्वास्थ्य संस्था मार्फत निःशुल्क परीक्षण एवम् स्क्रिनिङ्ग गर्ने व्यवस्था मिलाइनेछ।

६२.समुदायमा बढ्दो मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या न्यूनीकरणका लागी आवश्यक मनोसामाजिक परामर्शको व्यवस्था मिलाइनेछ।

६३.स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयनका लागि आवश्यक ऐन, कानूनहरु निर्माण गर्दै निर्मित कानूनहरुलाई क्रमशः अद्यावधिक गर्दै लगिने छ।

Scanned with OKEN Scanner

६४. स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) लाई थप व्यवस्थित गरिनेछ।

६५.नगरको आन्तरिक नियन्त्रण प्रणाली चुस्त र मजवुत बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी अवलम्वन गरिनेछ।

६६.मिडिया साझेदारीका माध्यमबाट नागरिकलाई सु-सूचित गर्ने तथा सूचनाको हकको संरक्षण र प्रवर्द्धनका लागि आवश्यकता अनुसारका कार्यक्रम सञ्चालन गरिनेछ।

६७.नगर क्षेत्र भित्र रहेका सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक गरी संरक्षणको नीति लिइनेछ।

६८.नगरको मौलिक पहिचान, संस्कृति र परम्पराको संरक्षण गर्दै प्रवर्द्धनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

६९.सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाई नागरिकप्रति थप जवाफदेही र उत्तरदायी हुन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणका कार्यहरुलाई निरन्तरता दिइने छ।

७०.बेरूजु न्यूनीकरण गर्न प्रचलित कानूनको कडाईका साथ पालना गर्दै बेरुजु फछ्र्यौट सुधार कार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

७१.नगरसभा सदस्यका लागि क्षमता विकास, प्रभावकारी भुमिका निर्वाह तथा सुशासन प्रवर्द्धन सम्बन्धी सिकाइका अवसरहरु सुनिश्चित गरिनेछ।

Scanned with OKEN Scanner

७२.करार सेवामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा करार सेवा गर्दै सामाजिक सुरक्षा कोषमा आवद्द गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

७३.कर्मचारीहरुको ज्ञान, सीप र क्षमता विकासमा जोड दिई कार्य सम्पादनलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी र सेवा प्रवाहमा गुणस्तर कायम गर्ने नीति लिइनेछ ।

७४.महिला तथा पुरुषबीच सम्मान, समानता र साझेदारीको संस्कृतिलाई प्रवर्द्धन गर्न "सहअस्तित्व संवाद" कार्यक्रम सञ्चालन गरिनेछ।

७५.नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरीहरुको व्यवस्थापन तथा परिचालनको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

७६.सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता र राष्ट्रिय परिचयपत्र सम्बन्धी सम्पूर्ण विवरणहरुलाई एकीकृत डिजिटल प्रणालीमा आवद्ध गरी सुरक्षित, अद्यावधिक र प्रभावकारी अभिलेख व्यवस्थापन गरिनेछ।

७७.सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई छिटो, पारदर्शी र विश्वसनीय बनाउन बायोमेट्रिक (IRIS तथा Finger Print ) मेसिनको प्रयोग गरी सेवा प्रवाह छिटो र सहज रुपमा उपलब्ध गराईनेछ।

७८.व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था सुदृढ गरी समय मै शत प्रतिशत घटना दर्ता गर्न व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरिनेछ।

Scanned with OKEN Scanner

७९.न्यायिक समितिको इजलास तथा मेलमिलाप केन्द्रहरुलाई आवश्यकता अनुसार स्तरोन्नति गरिनेछ।

८०.न्यायिक समिति, अन्तर्गतका कर्मचारी र मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिको लागि तालिम, कानूनी अभिमुखिकरण साथै सरोकारवालाहरुसँग कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

८१.सुनौलो हजार दिनका आमा तथा बालबालिकाको पोषण सुधारलाई उच्च प्रथामिकता दिइनेछ।

८२. गर्भवती तथा सुत्केरी महिला, किशोरी र पाँच वर्ष मुनिका बालबालिकाको पोषण अवस्था सुधारका लागि स्वास्थ्य, शिक्षा, खानेपानी सरसफाइ, पशु तथा कृषि विकाससँग सम्बन्धित एकीकृत पोषण कार्यक्रम संचालन गरी पोषणमैत्री नगरपालिका घोषणाका आधार निर्माण गरिने छ।

८३. पोषण सम्बन्धी व्यवहार परिवर्तन, स्थानीय पोषणयुक्त खाद्य पदार्थको उत्पादन तथा उपभोग प्रवर्द्धन र समुदाय स्तरमा पोषण शिक्षा तथा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

८४. लैङ्गिक हिंसा न्यूनीकरणका लागि लैङ्गिक हिंसा विरुद्धको सचेतनामुलक कार्यक्रम, सामाजिक कुरिति विरुद्ध सचेतानमुलक कार्यक्रम तथा महिला अधिकार सम्बन्धी अभिमुखीकरण लगायत विभिन्न दिवशीय कार्यक्रमहरु सञ्चालन गरिनेछ।

Scanned with OKEN Scanner

८५. बालबालिकाहरुको विकासका लागि बालक्लब, वडा स्तरिय बाल संजालहरुलाई बाल अधिकार, बाल संरक्षण तथा बाल विवाह न्यूनीकरण सम्बन्धी विविध कार्यक्रमका साथै वर्तमान अवस्थाको तथ्याङ्क संकलन गरी स्थिति पत्र प्रकाशन तथा  बाल प्रतिभा पहिचान सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८६. लैङ्गिक हिंसा (घरेलु हिंसा) प्रभावितका लागि नगरपालिकामा स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट निजको अवस्था हेरि आर्थिक सहायता (यातायत खर्च, औषधी उपचार, आयआर्जनका लागि बीऊ पुँजी) प्रदान गरिनेछ।

८७. महिलाहरुको आर्थिक सशक्तीकरणका लागि सीप विकास कार्यक्रम, दलित महिलाहरुका लागि सशक्तीकरण तथा नेतृत्व विकास तालिम सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

८८. किशोरीहरुको सशक्तीकरणका लागि आत्म रक्षा तथा जीवन उपयोगी कार्यक्रम सञ्चालन गरिनेछ।

८९. ज्येष्ठ नागरिकमा हुन सक्ने नैराश्यता तथा एक्लोपनको महशुसलाई कम गराउन दिउँसोको समयमा ज्येष्ठ नागरिकहरुको भेटघाट गर्ने अवसर जुटाउनका लागि दिवा सेवा केन्द्र सञ्चालन गरी स्थापना भएका केन्द्रलाई थप व्यवस्थित गरिनेछ।

Scanned with OKEN Scanner

९०. अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गमैत्री भौतिक संरचना निर्माण, अपाङ्गता परिचय पत्र वितरण, अपाङ्गता सहायक सामाग्री वितरण, विभिन्न किसिमका कार्यक्रमहरु अवस्था हेरी आयआर्जनको लागि बीऊ पूँजी वितरणका कार्यक्रम सञ्चालन गरिनेछ।

९१. आन्तरिक शिक्षक दरबन्दी मिलान तथा शिक्षकहरुको पेशागत विकासलाई प्राथमिकता दिँदै विद्यालयहरुबीच असल अभ्यास आदानप्रदान एवम् विषयगत तथा प्रविधिमैत्री शिक्षणको लागि तालिम तथा प्रशिक्षण सञ्चालन गरी शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ।

९२. प्रविधियूक्त आधारभूत विद्यालय निर्माणमा जोड दिँदै क्रमशः सबै विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनामा जोड दिइनेछ।

९३. विद्यार्थी संख्या र भौगोलिक दुरीको आधारमा क्रमशः विद्यालय समायोजन गरी ठुला विद्यालय निर्माण कार्यक्रमलाई प्राथमिकतामा राख्दै विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम तथा आवश्यक पूर्वाधार व्यवस्थापन गरिनेछ।

९४. शिक्षा सुधार कोषको थप व्यवस्थापन र परिचालन गरिनेछ।

९५. बालविकास कक्षामा बालमैत्री सिकाइ, बसाई व्यवस्थापन र खेलकुदका सामाग्रीहरुको व्यवस्थापन गरिनेछ।

९६. विद्यालयमा ई हाजिरी तथा सि.सि.टि.भी. जडान गरी शैक्षिक सुशासनलाई थप प्रभावकारी बनाइनेछ।

Scanned with OKEN Scanner

९७. सामुदायिक सिकाइ केन्द्रहरुको प्रभावकारी व्यवस्थापन गर्दै सिकाइ केन्द्रमार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

९८. शिक्षक तथा विद्यार्थीको क्षमता र प्रतिभा विकासको लागि अतिरिक्त कृयाकलापसँगै विद्यार्थीहरुलाई सीप मेला एवम् विज्ञान प्रदर्शनी लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९९. विपन्न तथा जेहेन्दार विद्यार्थीहरु तथा माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान पढ्ने विद्यार्थीहरुको प्रोत्साहनका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

१००. विद्यार्थीहरूको उज्ज्वल भविष्य र सही शैक्षिक मार्ग पहिचानका लागि "विद्यार्थी वृत्ति मार्गनिर्देशन" (Career Counseling) कार्यक्रमलाई थप प्रभावकारी बनाउने नीति लिइनेछ।

१०१. सिप सहितको नमुना विद्यालय कार्यक्रम मार्फत शिक्षालाई उत्पादनमुलक बनाउन कृषि, पशुपालन तथा सीपमूलक कृयाकलापमा जोड दिदै प्रयोगात्मक सिकाई एवम् विद्यार्थीहरुलाई श्रमप्रति आकर्षित गर्ने कार्यमा जोड दिइनेछ।

१०२. शैक्षिक क्षति न्यूनिकरणका लागि प्रसुती विदा क्षति न्यूनिकरण कार्यक्रमलाई थप व्यवस्थित गरी स्वयमसेवक शिक्षकको अवधारणा कार्यान्वयन गरिनेछ।

१०३. कार्यसम्पादन मूल्याङ्कनका आधारमा विद्यालयलाई वर्गीकरण गरी प्रोत्साहन गर्ने नीति लिइनेछ।

Scanned with OKEN Scanner

१०४. स्थानीय उत्पादनमा आधारित विद्यार्थी दिवा खाजा व्यवस्थापन प्रोत्साहन तथा थप कक्षामा दिवा खाजाका लागि साझेदारीको व्यवस्था मिलाइनेछ।

१०५. बाल बिकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्रका परिचालिकाहरुको न्यूनतम पारिश्रमिक सुनिश्चित गरिनेछ।

१०६. युवालाई सिपसँग जोड्दै युवा उद्यमशीलता विकास गर्ने तथा किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

१०७. कृषि-पर्यटन, खेलकुद, शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन लगायतका क्षेत्रमा युवा स्वयमसेवक परिचालन गर्ने नीति लिइनेछ।

१०८. देवचुली नगरपालिकालाई गण्डकी प्रदेशमै क्रिकेटको नमुना पालिकाका रूपमा विकास गर्न खेलमैदान व्यवस्थापन, खेलाडी संरक्षण र उत्पादनमा जोड दिइनेछ।

१०९. खेलाडी उत्पादन तथा क्षमता विकासको लागि कराते, भलिबल, क्रिकेट र फुटबलको उमेर समुहको प्रशिक्षण कार्यक्रमलाई निरन्तरता तथा थप व्यवस्थित गरिनेछ।

११०. सेपाक ताक्रो, ब्याडमिन्टन, टेबुलटेनिस, तेक्वान्दो र कबड्डी जस्ता खेलहरूको विकासमा कार्ययोजना सहितको कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ।

Scanned with OKEN Scanner

१११. विपन्न तथा उत्कृष्ट खेलाडी विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

११२. विद्यालय तह देखि नै खेल प्रतिभा पहिचान र खेलाडी उत्पादन कार्यको लागि राष्ट्रपति रनिङ शिल्डका अतिरिक्त मेयर कप फुटबल, उपमेयर कप भलिवल, वडाध्यक्ष कप फुटबल लगायत करौँते, तेक्वान्दो बुद्धिचाल, व्याडमिन्टन लगायतका अन्तर विद्यालय प्रतियोगितालाई निरन्तरता दिँदै थप व्यवस्थित गराईनेछ।

११३. एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System - GIOMS) अन्तर्गत कागजी फाइलको आवतजावतलाई कम गर्न आन्तरिक दर्ता, चलानी, र टिप्पणी उठाउने कार्यलाई क्रमशः डिजिटल माध्यममा रूपान्तरण गर्ने नीति लिइनेछ।

११४. कर्माचारी एवम् जनप्रतिनिधिहरुका लागि आवश्यकता हेरी साइबर सुरक्षा र विद्युतीय औजार/प्रणालीको प्रयोग तथा ज्ञान सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

११५. डिजिटल नगर प्रोफाइलबाट प्राप्त वास्तविक डाटालाई नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम, आवधिक योजना निर्माण लगायत कृषि अनुदान, स्वास्थ्य सेवा र सामाजिक सुरक्षा भत्ता वितरणको मुख्य आधार बनाउने नीति लिइनेछ।

Scanned with OKEN Scanner

११६. नागरिक सुरक्षाका लागि नेपाल प्रहरीसँगको सहकार्यमा मुख्य चोक र संवेदनशील क्षेत्रहरूमा लागि (AI Enabled) सीसीटीभी जडान र अनुगमन कार्यलाई सुदृढ गराइनेछ।

११७. रोजगारी सृजना हुने हेभी मेशिनरी उपकरण, औजार प्रयोग नहुने १० लाख रकम सम्मका योजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गर्ने नीति लिइनेछ।

११८. पूर्वाधार निर्माणमा दिगोपना तथा उपभोक्ताको अपनत्व सुनिश्चिताको लागि १५ प्रतिशत लागत सहभागिता अनिवार्य गराईनेछ।

११९. पूर्वाधारहरु निर्माण गर्दा जलवायु अनुकूलनका साथै बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री, महिलामैत्री तथा ऊर्जा मैत्री बनाउने नीति लिइनेछ।

१२०. उपभोक्ता समिति मार्फत सञ्चालन हुने १० लाख र सो भन्दा माथिका आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि मर्मत-सम्भार वापत २% र धरौटी वापत ३% रकम कट्टा गर्ने र उक्त कार्यको गुणस्तर यकिन गरेर मात्र धरौटी रकम नियमानुसार फुकुवा गर्ने नीति लिइनेछ।

१२१. मानव तथा वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण गर्न जोखिम तथा संवेदनशील क्षेत्रमा तारजाली, मेषजाली, वाल, पोखरी लगायतका भौतिक संरचना निर्माणको आवश्यक व्यवस्था मिलाइनेछ।

Scanned with OKEN Scanner

१२२. सडक, नाली लगायतका पूर्वाधार निर्माण गर्दा बिजुलिका पोल, तार र खानेपानी पाईप लाईनलाई व्यवस्थित गर्न सम्बन्धित पक्षहरुसँग आपसी समन्वय गरी लागत अनुमान तयार गर्दाका बखत उक्त लागत समावेश गरी कम लगानी र कम क्षति हुने गरी निर्माण कार्य गरिने तथा हरित पूर्वाधार निर्माणको समेत सम्भाव्यता अध्यन गरिनेछ।

१२३. नगर सडक यातायात गुरुयोजना तथा प्राथमिकता लगानी योजना अनुरूप स्थानीय स्तरको सडकको छनौट निर्माण, सुदृढीकरण एवं स्तरोउन्नति, संचालन र मर्मत सम्भार कार्यलाई अगाडि बढाइनेछ।

१२४. नगरपालिकामा पूर्वाधार सँग सम्बन्धित निर्माणको गुणस्तर यकिन गर्न पूर्वाधार प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

१२५. देवचुली नगरपालिकाको भवन निर्माण र ऊर्जा प्रभावकारी निर्देशिका बमोजिम अब निर्माण हुने भवनहरुमा ऊर्जा खपत कम गरी भवनलाई ऊर्जा प्रभावकारी (Energy Efficient Building) बनाउने प्रयोजन र जलवायु अनुकुल Design लाई प्रोत्साहन गर्ने एवम् नक्सापास प्रक्रियाको प्रभावकारी कार्यान्वयन/नियमन गर्दै नगरपालिका क्षेत्रभित्र अनिवार्य नक्सा पास गर्न सुचना प्रविधि तथा विभिन्न सञ्चार माध्यम मार्फत प्रचार-प्रसार गरी छुट भएका घरहरुको निश्चित मापदण्ड तोकेर अभिलेख गरी घरको नक्सा पास अनिवार्य गराउने नीति कडाईका साथ लागु गरिनेछ।

Scanned with OKEN Scanner

१२६.निजि तथा सामुदायिक/सार्वजनिक भवनहरुले राष्ट्रिय राजमार्गको क्षेत्रमा भवन निर्माण गर्दा अब उप्रान्त अन्डरग्राउण्ड पार्किङ्गको प्रावधान राखी नक्सा पेश गरेमा विशेष छुट दिने तथा क्रमशः राजमार्ग बाहेकका क्षेत्रमा समेत विस्तार एवम् अनिवार्य गर्ने नीति

१२७.घर नक्सा सम्बन्धित फाइल तथा अभिलेखहरुलाइ डिजिटाइजेसन र तथ्याङ्क अद्यावधिक गरी चुस्त दुरुस्त राखिनेछ।

१२८. देवचुली नगरपालिका भवन तथा वडा भवनहरुको नमुनाका रुपमा Structural health assessment गरी प्रवलीकरणको आवश्यकता पहिचान गरिनेछ।

१२९. आयुर्वेद चिकित्सा पद्धतिको बिस्तार नागरिक आरोग्यका लागि नसर्ने रोग न्यूनिकरणका लागि वडा नं. ४, ७, ८ र १५ मा सञ्चालनमा रहेका आयुर्वेद नागरिक आरोग्य क्लिनिक, विद्यालय आयुर्वेद तथा योग शिक्षाका माध्यमबाट विद्यार्थी र शिक्षकलाई आयुर्वेद एवम् योग मार्फत स्वस्थ जीवनयापन गर्ने कार्यक्रम, स्थानीय जडिबुटी पहिचान र प्रवर्द्धन सम्बन्धी तालिम सञ्चालन लगायत भान्सा सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३०. पञ्चकर्म, पूर्वकर्म कार्यक्रमलाई थप व्यवस्थित गर्दै जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि सहज रुपमा रसायनजन्य आयुर्वेद औषधि वितरणको व्यवस्था मिलाइनेछ।

Scanned with OKEN Scanner

१३१. आमा र बच्चाको पोषण सुरक्षाको लागि जडिबुटी जन्य आयुर्वेद औषधि वितरणको उचित व्यवस्था मिलाईनेछ।

१३२. स्वस्थ जिवनशैलीका लागी योग, ध्यान र सकारात्मक सोच सम्बन्धी प्रशिक्षण र नगर क्षेत्रभित्र विभिन्न स्थानमा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर तथा योग शिविर सञ्चालन गरिने छ।

१३३. राजस्वका दर यथावत राखी राजस्वको दायरा बिस्तार गरिनेछ।

१३४. कर सचेतना कार्यक्रमलाई निरन्तरता दिई राजस्व प्रणालीलाई प्रविधिको प्रयोगका माध्यमले सरल, सहज र विश्वसनीय बनाईनेछ।

१३५. व्यवसायीको मनोबल उच्च राख्नका लागि देवचुली नगरपालिकामा व्यवसाय दर्ता गरी हाल सम्म नविकरण नभएका करदाताको हकमा २०८३ असोज मसान्त सम्म नविकरण भएमा वक्यौतामा लाग्ने १० प्रतिशत जरिवाना छुट गरिनेछ।

१३६. करदातालाई सहज रुपमा कर बुझाउने वातावरण सृजना गर्न Online प्रणाली मार्फत कर भुक्तानी हुने प्रक्रियालाई थप व्यवस्थित गरिनेछ।

१३७. राजस्व प्रणालीलाई नगरको सेवा प्रवाहसंग आवद्द गर्दै लगिनेछ।

१३८. आर्थिक वर्ष २०८३/०८४ को व्यवसाय कर, भूमि कर र सम्पत्ति कर असोज मसान्त भित्र तिर्ने करदातालाई निश्चित प्रतिशत छुट दिईने व्यवस्था मिलाईनेछ ।

Scanned with OKEN Scanner

नगर सभा सदस्यज्यूहरु,

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमले नगरवासीको चाहना वमोजिम विकास कार्य अगाडि बढाउन मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु। नगरको समग्र विकासको लागि योगदान गर्नुहुने राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सञ्चार जगत, सुरक्षाकर्मी, नागरिक समाज, गैर सरकारी क्षेत्र तथा सम्पूर्ण नगरवासी प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।

(हरि प्रसाद न्यौपाने)

नगर प्रमुख

Scanned with OKEN Scanner